नेपाल सरकार

# श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्याः-
चलानी नं.:-

## प्रेस नोट

दक्षिण कोरियामा मौसमी कामदार पठाउने सम्बन्धमा नेपाल सरकार र दक्षिण कोरिया सरकारबीच सम्झौता भएकोले भागिनी सम्झौता कायम गरेका स्थानीय तहहरुले यस मन्त्रालयमा सम्पर्क गर्नु भन्ने व्यहोराको मिति २०८१/०८/२० मा प्रकाशित झुट व्यहोराको प्रेस विज्ञप्ति सामाजिक संजालमा प्रचार गरिएकोमा उक्त विज्ञप्ति प्रति यस मन्त्रालयको गम्भीर ध्यानाकर्षण भएको छ।

उक्त विषयमा यस मन्त्रालयबाट कुनै पनि निर्णय नभएको, मौसमी कामदारका विषयमा कुनै पनि सूचना आह्वान नभएको तथा आधारहीन र तथ्यहीन विषयमा मन्त्रालयको लेटर हेड र छापको दुरुपयोग गरी यस मन्त्रालयको महाशाखा प्रमुखको नामको किर्ते हस्ताक्षर सहितको विज्ञप्ति प्रयोग गरी भ्रम फैलाईरहेकामा यस्तो काम गर्ने व्यक्ति, समुहमाथि कारबाही गर्न सम्बन्धित निकायमा पत्राचार समेत भएकाले उक्त भ्रमपूर्ण प्रेस विज्ञप्तिबाट सचेत र सजक रहन श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय सबैमा अनुरोध गर्दछ।

मितिः २०८१/१०/२४

१०/२४

(प्रदिप कुमार कोईराला)
सहसचिव/ प्रवक्ता

टेलिफोन नं.:- ०१-४२११९६३, ४२००४७६, ४२११६७८, ४२११७९१, फ्याक्स नं.:- +९७७-०१-४२११८७७,
टोल फ्रि नं.:- १६६००१५०००५, श्रमाधान कल सेन्टर फोनः- ११४१, ईमेल:- admin@moless.gov.np/info@moless.gov.np, वेव साईटः- www.moless.gov.np